आज मिति २०७७ जेठ १ गते बिहिबारका दिन यस नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री द्रोण पोखरेलज्यूको अध्यक्षतामा बसेको COVID-19 रोकथाम तथा नियन्त्रणसम्बन्धी जिल्लास्तरीय Crisis Management Center को बैठकका निर्णयहरू

**एजेण्डाहरु**

१. समीक्षा
२. अनाधिकृत व्यक्तिहरुको प्रवेश नियन्त्रण
३. जिल्ला बाहिरबाट आउने फलफूल तथा तरकारीमा रोक लगाउने
४. क्वारेन्टीनहरुको व्यवस्थापन
५. विविध

**निर्णयहरू**

१. विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नोवल कोरोना भाईरस (COVID-19) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जिल्लास्तरमा भएका हालसम्मका प्रयासहरुको समीक्षा गरियो। मुलुकका विभिन्न जिल्लाहरुमा संक्रमणको दर तीव्र हुँदै गएकोले सम्भावित जोखिमको अवस्थालाई मध्यनजर गरी जोखिम न्यूनीकरण तथा नियन्त्रणका लागि भइरहेका कामलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता महशुस गरियो।
२. सुरक्षा निकाय र स्थानीय तहहरुको समन्वयमा जिल्ला प्रवेश गर्ने नाकाहरुमा निगरानी बढाई अनुमति प्राप्त बाहेकका व्यक्तिलाई जिल्ला प्रवेशमा रोक लगाउने निर्णय गरियो।
३. अर्को निर्णय नभएसम्मका लागि जिल्ला बाहिरबाट फलफूल तथा तरकारी ल्याउन रोक लगाउने र जिल्लाभित्र उत्पादित फलफूल तथा तरकारीलाई जिल्लाभित्र अभाव नहुने गरी बजारमा पुऱ्याउने व्यवस्थाको सहजीकरणका लागि स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।
४. जिल्लामा भित्रिने खाद्यान्न, निर्माण सामग्री लगायतका अत्यावश्यक वस्तुहरु ढुवानी गर्ने साधनहरुलाई Disinfection गरेर मात्रै जिल्लामा प्रवेश गराउने, ढुवानीका साधनहरुमा चालक र सहयोगी गरी २ जना भन्दा बढी आवातजावत गर्न नदिने व्यवस्थालाई कडाइकासाथ कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।
५. स्थानीयस्तरमा मानिसहरुको जमघट तथा भीडभाड हुने गरी कुनै किसिमका सेवा सञ्चालन, कार्यक्रम सञ्चालन, समारोह, पर्व, जात्रा लगायत धार्मिक तथा साँस्कृतिक गतिविधिहरु नगर्न/नगराउन र अनावश्यक रुपमा मानिसलाई भेला जम्मा हुन तथा अवातजावत गर्न नदिने निर्णय गरियो ।
६. स्थानीयस्तरको क्वारेन्टीन सञ्चालन तथा व्यवस्थापन मापदण्ड बमोजिम हुने गरी क्वारन्टीनहरुको प्रबन्ध मिलाउन र आवश्यकतानुसार थप क्वारेन्टीन स्थापना गर्न सकिने गरी स्थान तथा स्रोतसाधन तयारी अवस्थामा राख्नको लागि स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।
७. संक्रमित जिल्ला तथा विदेशबाट आउन सक्ने व्यक्तिहरुको पहिचान तथा खोजी गरी लगत संकलन गर्ने र त्यस्ता व्यक्तिहरुलाई फर्कि आएमा क्वारेन्टीनमा राख्न र सो को जानकारी स्थानीय प्रशासनलाई गराउन स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो।